पञ्चकन्या गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाकुरीभञ्ज्याङ, नुवाकोट
बागमती प्रदेश, नेपाल


प.सं.:२०८१/०८२
च.नं.: २२२२

## विज्ञप्ती

नयाँ विद्यालय शिक्षा ऐन जारी गरी शिक्षकका सबै मागहरु सम्बोधन गर्नुपर्ने भन्दै नेपाल शिक्षक महासंघको नेतृत्वमा २०८१ चैत्र २० गते बाट शुरु भएको काठमाण्डौ केन्द्रित शिक्षक आन्दोलनको कारण शैक्षिक शत्र २०८१ को नतिजा प्रकाशन, ग्रेड वृद्धि तथा कक्षा १२ परिक्षा सञ्चालन, शैक्षिक शत्र २०८२ को विद्यार्थी भर्ना अभियान, पाठ्यपुस्तक वितरण, शैक्षिक कार्ययोजना निर्माण, शिक्षक तालिम लगायतका विविध शैक्षिक गतिविधिहरु प्रभावित भएका छन।शिक्षककहरुलाई खुशि र सन्तुष्ट राख्न सके मात्र अपेक्षाकृत शैक्षिक उपलब्धि हासिल गर्न सकिन्छ भन्नेमा हामि विश्वस्त छौं। संघिय सरकार र शिक्षक महासंघ विच विगतमा भएका सम्झौताका अधारमा शिक्षक तथा विद्यालय कर्मचारीका जायज मागहरुको सम्बोधन गरी सम्बन्धित समस्या समाधान हुनु अपरिहार्य छ भन्ने हाम्रो निष्कर्ष छ।त्यसैले शिक्षा क्षेत्रको स्थायित्व र प्रगतिका लागि शिक्षकहरुको आत्मसम्मान कायम राख्दै आफ्नो कार्यस्थलमा फर्कन उचित वातावरण निर्माण गर्नका लागि संघिय सरकार समक्ष हार्दिक अनुरोध गर्दछौं।

२०८२ वैशाख ७ गते

.........................
तेज बहादुर तामाङ
अध्यक्ष

तेज वहादुर तामाङ
अध्यक्ष